फो.नं. ०२३५९०४९८

# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुद शाखा
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

प.सं. ०८०/८१
च.नं. ११९

मिति:२०८०/०८/१५

**विषय: प्रस्तावना पेश गर्ने सम्वन्धमा।**

**श्री सबै सामुदायिक विद्यालयहरु**
**विर्तामोड नगरपालिका, झापा।**

प्रस्तुत विषयमा आ.व. २०८०/८१ को विर्तामोड नगरपालिकाको ससर्त तर्फ स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नं. २.७.१३.१३ मा रहेको विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षक अन्तरगत तपसिल बमोजिमका कार्यक्रमहरु माग गर्न इच्छुक विद्यालयहरुले प्रस्तावना पत्र सहित देहायका कागजातहरु संलग्न राखी मिति २०८० पुष १५ गतेभित्र यस शाखामा पेश गर्नु हुन अनुरोध छ।

| क्र.सं. | कार्यक्रमको नाम |
|---|---|
| १. | शैक्षिक, व्यवस्थापकिय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान |
| २. | विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ, किताब खरिद तथा इ-पुस्तकालय समेत) |
| ३. | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान |
| ४. | नमूना विद्यालयमा सेवा अनुवन्धका आधारमा नियुक्ति हुने प्र.अ. र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान (नमूना विद्यालयका लागि मात्र) |
| ५. | नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान (नमूना विद्यालयका लागि मात्र) |

**आवश्यक कागजातहरु**

क) माग गर्ने विद्यालयले कार्यक्रमगत रुपमा अलग अलग प्रस्तावना पत्र पेश गर्नु पर्नेछ। .

ख) कार्यक्रम संचालनको प्रतिवद्वता सहित वि.व्य.सको निर्णयको प्रतिलिपी।

ग) कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको हकमा सामाजिक परीक्षण मापदण्ड २०७८ ले तोकेका विधि, प्रक्रिया र पद्दति बमोजिमका सूचकका विवरणहरु प्रमाणित गरी पेश गर्नु पर्नेछ साथै सोको पुष्ट्याईं गर्ने आधार समेत संलग्न गर्नुपर्नेछ।

घ) नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनको अनुदान नमूना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्यक्रममा आधारित भै प्रस्तावना निर्माण गर्नु पर्नेछ साथै अघिल्लो वर्षको प्रतिवेदन समेत संलग्न राख्नुपर्नेछ।

ङ) प्रस्तावना पत्र निर्माण गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को पाना नं. ४० - ४४ मा उल्लेख भएको कुराहरु लाई अनिवार्य आधार वनाइ तयार गर्नु पर्नेछ।

च) विद्यालयले विभिन्न निर्देशिकाहरु डाउनलोड गर्नु परेमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइट www.cehrd.gov.np मा उपलब्ध छ।

छ) यो सूचना विर्तामोड नगरपालिकाको वेवसाइट www.birtamodmun.gov.np मा समेत हेर्न सकिनेछ।

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा:वेभसाइटमा अपलोड गरिदिनु हुन।

२०८०/०८/१५
त्रिलोचन भण्डारी